आज मिति २०८२।०९।२३ गते बुधबारका दिन यस खोटेहाङ गाउँपालिकाको १६७ औं कार्यपालिकाको बैठक अध्यक्ष श्री उदिम बहादुर राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको सदस्यहरुको उपस्थितिमा बसि निम्न निर्णयहरु गरियो।

| हस्ताक्षर | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| | गाउँकार्यपालिका अध्यक्ष | श्री उदिम बहादुर राई | |
| | गाउँकार्यपालिका उपाध्यक्ष | श्री रुपेश राई | |
| | वडा अध्यक्ष १ नं वडा | श्री धन ब. महाराजी | |
| | वडा अध्यक्ष २ नं वडा | श्री पारस राई | |
| | वडा अध्यक्ष ३ नं वडा | श्री जेफर राई | |
| | वडा अध्यक्ष ४ नं वडा | श्री तिलक बहादुर बस्नेत | |
| | वडा अध्यक्ष ५ नं वडा | श्री किरण राई | |
| | वडा अध्यक्ष ६ नं वडा | श्री बसन्त राई | |
| | वडा अध्यक्ष ७ नं वडा | श्री शिव प्रसाद फयल | |
| | वडा अध्यक्ष ८ नं वडा | श्री चन्द्र बहादुर थापा | |
| | वडा अध्यक्ष ९ नं वडा | श्री ईन्द्र बहादुर राई | |
| | कार्यपालिका सदस्य | श्री अन्जु राई | |
| | कार्यपालिका सदस्य | श्री कमला विश्वकर्मा | |
| | कार्यपालिका सदस्य | श्री मिनाकला राई | |
| | कार्यपालिका सदस्य | श्री सुशिला राई | |
| | कार्यपालिका सदस्य | श्री फुर्वा शेर्पा | |
| | कार्यपालिका सदस्य | श्री मान बहादुर वि.क. | |
| | सदस्य सचिव | श्री महेश राई | |

## मिति २०८२ पौष २३ गते कार्यपालिकाको १६७ औं बैठकको प्रस्ताव

१) खोटेहाङ गाउँपालिका गाउँ सभाको १८ औं अधिवेशन सम्बन्धमा
२) अर्ध वार्षिक समिक्षा सम्बन्धमा
३) अन्य बजेट सम्बन्धमा
४) संशोधित विनियोजन विधेयक, २०८२
५) संशोधित आर्थिक विधेयक, २०८२
६) करार कर्मचारीहरुको करार म्याद थप सम्बन्धमा
७) प्राकृतिकजन्य पदार्थहरुको संकलन र बिक्री वितरण अनुमति प्रदान
८) पालिका र वडास्तरीय आयोजना/कार्यक्रमहरु संशोधन
९) बेरुजु सम्बन्धमा छलफल
१०) सामुदायिक स्वास्थ्य केन्द्र स्थापना सम्बन्धमा
११) विद्युतीय माध्यमबाट नागरिक सिफारिस गर्ने सम्बन्धमा
१२) विविध

## निर्णयहरु

**निर्णय नं.१:** प्रस्ताव नं. १ माथि छलफल गर्दा खोटेहाङ गाउँपालिकाको चालू आ.व. २०८२।८३ को हिउँदे गाउँसभाको अठारौं अधिवेशन देहायको मिति, समय र स्थानमा संचालन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**खोटेहाङ गाउँपालिकाको गाउँ सभाको अठारौं अधिवेशन**

मिति: २०८२।१०।०२ शुक्रबार

समय: बिहान १०:०० बजे

स्थान: खोटेहाङ गाउँपालिकाको सभाहल

**निर्णय नं.२:** प्रस्ताव नं. २ माथि छलफल गर्दा खोटेहाङ गाउँपालिकाको चालू आ.व. २०८२।८३ को हालसम्मको अर्धवार्षिक समिक्षा सम्बन्धमा पालिकाको चालू आ.व. २०८२।८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको हालसम्मको कार्यान्वयन अवस्था र त्यसबाट प्राप्त भौतिक साथै वित्तीय प्रगति समेत सन्तोषजनक रहेको समिक्षात्मक छलफल गर्नुका साथै उक्त अर्धवार्षिक समिक्षालाई छलफल र अनुमोदनको लागि आगामी हिउँदे गाउँ सभामा पस्तुत गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

### आर्थिक वर्ष ०८२/८३ को अर्ध बार्षिक समिक्षा

### पुर्वाधार तथा योजना शाखा

- वडास्तरिय योजनाहरुको प्रत्यक वडा वडामा गई योजना सम्झौता बैन्क खाता सन्चालन तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको।
- वडास्तरिय योजनाहरुको सम्झौता प्रकृया करिव ८० प्रतिशत सम्पन्न भई निरन्तर कार्य सन्चालन भईरहेको ।
- संघिय सरकार र खोटेहाङ गाउँपालिकाको संयुक्त लगानीमा वडा नं. ८ सिम्पानी देखि वडा नं.६ मेर्ला हुँदै खोटेहाङ केन्द्र वडा नं. ७ खोटाङ बजार सडक स्तरोन्नति (KRM/Works/Ncb-01/2082-083) को रु १ करोड ६७ लाख ८४ हजार ६ सय ६ रुपैया पैसा ९९ मा लागत अनुमान तयार भई श्री शान्ति भूमि कन्स्ट्रक्सन, प्रा.लि. खोटेहाङ गाउँपालिका -०७ सगँ रु ९० लाख ८९ हजार ८०० रुपैयाँ पैसा २ (भ्याट समेत) मा सम्झौता भई हाल करिव ६० प्रतिशत काम सम्पन्न भईसकेको।
- प्रदेश सरकार र खोटेहाङ गाउँपालिकाको संयुक्त लगानीमा पालिका केन्द्र खोटाङ बजार बाट एपोट हुँदै रोक्सीङ टुवाखोला दिप्रुङ चुइचुम्मा गाउँपालिका जोडने सडक (KRM/Works/Ncb-02/2082-083) को १ करोड २४ लाख ८२ हजार ९२ रुपैयाँ ६ पैसामा लागत अनुमान तयार भई श्री शान्ति भूमि कन्स्ट्रक्सन, प्रा.लि. खोटेहाङ गाउँपालिका -०७ सगँ रु ६९ लाख ४८ हजार ६ सय १२ रुपैयाँ २ पैसा (भ्याट सहित) योजना सम्झौता भई हाल काम सुरु भईसकेको।